राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

वर्ष ७ अंक २५२ २०८३ वैशाख ३ गते विहिवार (16 May. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

## पारदर्शिता अपनाउँदा सरुवा, मधेशमा पुरानै प्रवृत्ति दोहोरिँदै




दैनिक समाचारदाता
जनकपुरधाम २ वैशाख। पूर्वाधार विकास कार्यालय महोत्तरीले कानुनी प्रक्रियाअनुसार २५ लाख रुपैयाँसम्मका योजनाहरू अघि बढाउन गत २२ चैतमा जिल्लाका १५ वटै पालिकाका वडा कार्यालयहरूमा २५८ वटा उपभोक्ता समिति गठनसम्बन्धी पत्र पठाएको थियो। पारदर्शिता कायम गर्ने उद्देश्यले कार्यालयले ती सबै पत्र आफ्नो वेबसाइटमार्फत सार्वजनिक समेत गरेको थियो।

विगतमा मधेश प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गत रहेका यस्ता कार्यालयहरूबाट मन्त्री, सांसद, तिनका आसेपासे तथा बिचौलियाले उपभोक्ता समिति गठनसम्बन्धी पत्र मनपरी ढंगले आफैं बुझ्ने प्रवृत्ति रहेको थियो। यही विषयमा गत वर्ष वडाध्यक्षहरूले तालाबन्दीसम्म गरेका थिए।

यसपटक भने कार्यालयले पत्र सिधै वडा कार्यालयमा पठाउने र सार्वजनिक जानकारीका लागि वेबसाइटमा राख्ने नीति अपनायो। कार्यालय प्रमुख सीडीई कार्तिकेश झाले गरेको यस पहलले अन्य निकायलाई पनि पारदर्शी ढंगले काम गर्न प्रेरित गर्ने अपेक्षा गरिएको थियो।

तर उक्त कदमप्रति केही प्रदेश सांसद असन्तुष्ट बने। कार्यालय स्रोतका अनुसार केही सांसद र पूर्वमन्त्रीहरूले कार्यालयमै पुगेर आफ्ना योजनासम्बन्धी पत्र किन वडामा पठाइएको र वेबसाइटमा राखिएको भन्दै प्रमुखसहित कर्मचारीलाई दबाब दिएका थिए। 'यस्ता पत्र हामीलाई वा हाम्रो मान्छेलाई सिधै दिनुपर्छ' भन्ने चेतावनीसहित सरुवासम्मको धम्की दिइएको बताइन्छ।

कानुनी प्रक्रिया बाहिर नजाने अडान लिएका प्रमुख झाको अन्ततः सरुवा गरिएको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गत २५ फागुनमा उनलाई प्रादेशिक तथा स्थानीय तह सुधार आयोजना, प्रादेशिक योजना कार्यान्वयन इकाइ, जनकपुरमा काज सरुवा गरेको हो। कार्यालयका प्रवक्ता तथा उपसचिव रोहित कोइरालाले दरबन्दीसहित सरुवा भएको पुष्टि गरेका छन्। तर सरुवाको कारणबारे आफू अनभिज्ञ रहेको झाको भनाइ छ।

झा गत २७ असोजमा मात्र महोत्तरीस्थित उक्त कार्यालयमा सरुवा भएर आएका थिए। आफूले कानुनअनुसार जिम्मेवारी निर्वाह गरिरहेकै अवस्थामा सरुवा हुनुको

बाँकी ३ पृष्ठमा

## दलित कोटामा गैरदलित सिफारिस विवाद, मुद्दा सर्वोच्चमा

दैनिक समाचारदाता
काठमाडौं, २ वैशाख। लोक सेवा आयोग अन्तर्गत स्वास्थ्य सेवा, हेल्थ इन्स्पेक्सन समूह पाँचौं तहका हेल्थ असिस्टेन्ट (एचए) पदको एक नतिजा विवादमा परेको छ। दलित कोटामा गैरदलितलाई उत्तीर्ण गराई सिफारिस गरिएको आरोपसहित मुद्दा सर्वोच्च अदालतमा पुगेपछि उक्त नियुक्ति विवादित बनेको हो।

गण्डकी प्रदेश लोक सेवा आयोगले गत २१ असारमा प्रकाशित गरेको नतिजाअनुसार पर्साका मुकेश सहनी मलाह दलित कोटाबाट उत्तीर्ण भई पर्वतको महाशिला गाउँपालिकामा सिफारिस भएका थिए। तर सोही पदका लागि वैकल्पिक सूचीको पहिलो नम्बरमा रहेका सप्तरीको तिरहुत गाउँपालिका(२ का देवकृष्ण मण्डलले उक्त सिफारिस नियमविपरीत भएको दाबी गर्दै न्यायका लागि विभिन्न निकाय धाइरहेका छन्।

देवकृष्णले दलित कोटामा गैरदलितलाई सिफारिस गरिएको भन्दै राष्ट्रिय दलित आयोग, लोक सेवा आयोगदेखि गृह मन्त्रालयसम्म लिखित निवेदन दिएका छन्। उनले यस विषयमा दायर गरेको मुद्दा सर्वोच्च अदालतमा करिब आठ महिनादेखि विचाराधीन रहेको छ।

यसैबीच राष्ट्रिय दलित आयोगले २०८२ वैशाख १० गते



देशभरका सातवटै प्रदेश लोक सेवा आयोगलाई 'अत्यन्त जरुरी' भन्दै पत्र पठाएको छ। आयोगले २०७८ असार २९ गतेको बैठकले तराई/मधेशी समुदायअन्तर्गत पर्ने पटवा, चिट्लार, विन, मुखिया, मलाह (सहनी), लोहार र गोढिया जात/थरलाई दलित सूचीबाट हटाउने निर्णय भएको जानकारी गराएको छ। पत्रमा ती जात(थरका व्यक्तिहरूले पाएका दलित प्रमाणपत्र खारेज गर्न र दलित कोटामा गैरदलित समुदायका व्यक्तिहरू सिफारिस नहुने व्यवस्था गर्न सम्बन्धित निकायलाई निर्देशन दिन भनिएको छ।

आयोगका अनुसार कतिपय जिल्ला प्रशासन कार्यालयहरूले ती थरलाई दलितको रूपमा प्रमाणपत्र जारी गरेको पाइएकाले सोही प्रमाणपत्रका आधारमा लोक सेवा आयोगका परीक्षामा दलित कोटाबाट सहभागी भई सिफारिससमेत भएको उजुरी आयोगमा प्राप्त भएको छ।

केही व्यक्तिले त्यही प्रमाणपत्र प्रयोग गरी सामाजिक सुरक्षा भत्तासमेत लिएको हुनसक्ने आशंका आयोगले जनाएको छ।

यसै सन्दर्भमा आयोगले गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, लोक सेवा आयोग तथा प्रदेश लोक सेवा आयोगहरूलाई ती प्रमाणपत्र खारेज गरी दलित कोटामा गैरदलित समुदायका व्यक्तिहरू सिफारिस नहुने व्यवस्था मिलाउन पत्राचार गरेको जनाएको छ।

देवकृष्ण मण्डलले निवेदन दिएपछि राष्ट्रिय दलित आयोगले साउन २ मा गण्डकी प्रदेश लोक सेवा आयोगलाई थप स्पष्टिकरण माग्दै पत्राचार गरेको थियो। त्यसको जवाफमा आयोगले छ दिनपछि पठाएको पत्रमा मुकेश सहनीले न्यूनतम योग्यता पूरा गर्ने कागजात र पर्सा जिल्ला प्रशासन कार्यालयबाट जारी दलित प्रमाणपत्र पेस गरेकाले दरखास्त स्वीकृत गरिएको र परीक्षाको सम्पूर्ण प्रक्रिया पूरा गरी उत्तीर्ण भएपछि सिफारिस गरिएको स्पष्ट पारेको छ।

## कांग्रेस नेता खड्कालाई थुनामै राख्न सर्वोच्चको आदेश



दैनिक समाचारदाता
काठमाडौं, २ वैशाख। नेपाली कांग्रेसका नेता दीपक खड्कालाई थुनामै राख्न सर्वोच्च अदालतले आदेश दिएको छ।

खड्काकी श्रीमती विनिता थापाले दायर गरेको बन्दीप्रत्यक्षीकरण रिटमाथि सुनुवाइ गर्दै सर्वोच्च अदालतका न्यायाधीशद्वय तिलप्रसाद श्रेष्ठ र शान्तिसिंह थापाको इजलासले यस्तो आदेश दिएको हो।

आज उक्त रिटमाथि वरिष्ठ अधिवक्ताहरू सुशीलकुमार पन्त, शम्भु थापा, उपेन्द्रकेशरी न्यौपाने, सतिष्कृष्ण खरेल र अधिवक्ताहरू प्रकाश रेग्मीले बहस गरेका थिए।

त्यस्तै नायवमहान्यायाधिवक्ता सञ्जिवराज रेग्मी र उपन्यायाधिवक्ता दशरथ पंगेनीले बहस गरेका थिए।

सर्वोच्चले यस मुद्दाको पेसी भोलि (वैशाख ३ ) गतेका लागि तोकेको छ।


'निज निवेदकलाई हाल जे जुन अवस्थामा यथास्थितिमा राख्नु भनी विपक्षीहरूका नाममा थप आदेश समेत जारी गरिदिएको छ। नियमानुसार गर्नू ' आदेशमा उल्लेख छ।

खोप लगाऔं, रोगबाट बचौं र बचाऔं।

- सबै बालबालिकालाई तोकिएको समयतालिकाअनुसार खोप लगाऔं।
- नवजात शिशुदेखि किशोर अवस्थासम्म आवश्यक सबै खोप दिऔं।
- गर्भवती महिलाले पनि आवश्यक खोप समयमै लगाऔं।
- खोप लगाउँदा स्वास्थ्यकर्मीको सल्लाह र निर्देशन पालना गरौं।
- खोप कार्ड अद्यावधिक गरी सुरक्षित राखौं।
- नजिकको स्वास्थ्य संस्थामा उपलब्ध निःशुल्क खोप सेवाबारे जानकारी लिऔं।
- समुदायमा खोपप्रति सकारात्मक सोच विकास गरौं।
- खोप सुरक्षित, प्रभावकारी र जीवनरक्षक हुन्छ भन्ने जानकारी दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


अब अनलाइनबाट बुकिङ्गको सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्गको लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# शीतलताको सन्देश बोकेको जुडशीतल

तराई(मधेश अर्थात् मिथिलाञ्चलमा प्रत्येक वर्ष वैशाख २ गते हर्षोल्लासका साथ मनाइने जुडशीतल पर्व केवल सांस्कृतिक परम्परा मात्र होइन, जीवनशैली, स्वास्थ्य र प्रकृतिप्रतिको गहिरो चेतनासँग जोडिएको महत्वपूर्ण पर्व हो । 'शीतलताको पर्व'का रूपमा चिनिने जुडशीतलले मानव जीवनमा सन्तुलन, शान्ति र सहअस्तित्वको सन्देश दिन्छ ।

यस दिन बिहानै घरका ज्येष्ठ सदस्यहरूले आफूभन्दा सानालाई टाउकोमा चिसो पानी थपथपाएर आशीर्वाद दिने परम्परा रहिआएको छ । यसलाई 'जुडाउने' भनिन्छ । यस कर्ममार्फत नयाँ वर्षमा शान्ति, संयमता र सकारात्मक ऊर्जा कायम रहोस् भन्ने कामना गरिन्छ । परम्परागत रूपमा पानीमा माटो मिसाई एकअर्कामाथि दल्ने चलन पनि थियो, जसले सामूहिकता र रमाइलोपनको अनुभूति गराउँथ्यो । तर आधुनिक जीवनशैलीको प्रभावसँगै यस्ता मौलिक परम्पराहरू क्रमशः हराउँदै जानु चिन्ताको विषय बनेको छ ।

जुडशीतलको अभ्यास पोखरी, नदी, सडक तथा सार्वजनिक स्थलहरूमा सामूहिक रूपमा गर्ने परम्पराले यसको सामाजिक आयामलाई अझ सशक्त बनाउँछ। 'जुड' अर्थात् शीतल बनाउनु र 'शीतल' अर्थात् शान्त र चिसोपन(यी दुई शब्दको संयोजनले बनेको यो पर्वले शरीर, मन, समाज र प्रकृतिलाई सन्तुलित राख्ने मूल सन्देश बोकेको छ ।

धार्मिक र सांस्कृतिक दृष्टिले पनि जुडशीतलको विशेष महत्व छ । ज्येष्ठ सदस्यबाट सानातिर चिसो पानी हाल्ने परम्पराले परिवारभित्र सम्मान, अनुशासन र माया(ममताको भाव विकास गराउँछ । यसले जीवनमा क्रोध र तनावलाई नियन्त्रण गरी शान्त र सन्तुलित जीवनयापनतर्फ प्रेरित गर्छ ।

यस पर्वको सबैभन्दा महत्वपूर्ण पक्ष भनेको यसको पर्यावरणीय सन्देश हो । रुख(बिरुवामा पानी हाल्ने, घर(आँगन सरसफाइ गर्ने, पशुपक्षीलाई पानी उपलब्ध गराउने र खेतबारीमा सिँचाइ गर्ने जस्ता गतिविधिहरूले प्रकृतिप्रति जिम्मेवारीबोध गराउँछन् । गर्मी मौसमको सुरुवातसँगै पानीको महत्व बुझाउँदै जुडशीतलले जल संरक्षण र हरियालीको आवश्यकता स्पष्ट रूपमा उजागर गर्छ ।

जुडशीतलको अर्को विशेषता भनेको अघिल्लो दिन पकाइएको बासी भोजन सेवन गर्ने परम्परा हो । मिथिलाञ्चलमा 'बासी' वा 'जुडशीतल भोजन'का रूपमा चिनिने यो चलनले वैज्ञानिक आधारसमेत बोकेको छ । यस्तो भोजनले शरीरलाई शीतलता प्रदान गर्ने, पाचन प्रणाली सन्तुलित राख्ने र गर्मीको प्रभाव कम गर्ने विश्वास गरिन्छ ।

सामाजिक दृष्टिले पनि जुडशीतल अत्यन्त महत्वपूर्ण छ । यस अवसरमा आफन्त, छिमेकी र समुदायबीच भेटघाट, आशीर्वाद आदान(प्रदान तथा पुराना मनमुटाव भुल्ने चलनले सामाजिक सद्भाव र एकताको भावना बलियो बनाउँछ । यसरी, यो पर्व व्यक्तिगतभन्दा सामूहिकता र सहकार्यको भावना अभिवृद्धि गर्ने माध्यमका रूपमा स्थापित भएको छ ।

यद्यपि परम्परागत रूपमा मनाइँदै आएको भए पनि जुडशीतलका अभ्यासहरूमा वैज्ञानिक आधार स्पष्ट रूपमा देखिन्छ । टाउकोमा चिसो पानी हाल्दा शरीरको तापक्रम सन्तुलित हुन्छ, बासी (फर्मेन्टेड) भोजनले आन्द्रा स्वास्थ्यमा सकारात्मक प्रभाव पार्छ, र सरसफाइले रोगबाट बच्न सहयोग पुऱ्याउँछ । यस आधारमा जुडशीतललाई लोकपरम्परामा आधारित स्वास्थ्य विज्ञानका रूपमा पनि व्याख्या गर्न सकिन्छ ।

आजको तीव्र गतिमा बदलिँदो आधुनिक जीवनशैलीले मानिसलाई प्रकृतिबाट टाढा बनाइरहेको सन्दर्भमा जुडशीतलको सान्दर्भिकता झन् बढेको छ। यस पर्वले हामीलाई प्रकृतिको संरक्षण, पानीको मूल्यको पहिचान र परिवार तथा समाजसँगको सम्बन्धलाई सुदृढ बनाउने सन्देश दिन्छ। जलवायु परिवर्तन र वातावरणीय संकटका चुनौतीबीच यस्तो सन्देश झन् महत्वपूर्ण बन्दै गएको छ।

अन्ततः, जुडशीतल केवल मिथिलाञ्चलको सांस्कृतिक पहिचान मात्र होइन, सन्तुलित, शान्त र प्रकृतिमैत्री जीवनयापनको मार्गदर्शक पनि हो। परम्परा, विज्ञान, स्वास्थ्य र वातावरणलाई एकै सूत्रमा बाँध्ने यस पर्वको मूल भावना आत्मसात् गर्न सकिएमा हाम्रो समाज मात्र होइन, समग्र प्रकृति पनि सन्तुलित र समृद्ध बन्न सक्छ।

# मतदाताले किन रोके प्रतिनिधिसभामा मधेसी दल ?



राजेश विद्रोही

०८२ फागुन २१ मा सम्पन्न सङ्घीय निर्वाचनले मधेसी दल र नेताहरूको राजनीतिक यात्रामा गम्भीर धक्का दिएको छ। एक समय मधेस आन्दोलनको बलमा राष्ट्रिय राजनीतिमा निर्णायक शक्ति बनेका यी दलहरू यसपटक अप्रत्याशित रूपमा कमजोर मात्र देखिएका छैनन्, बरु आफ्नो आधार (बीउ) समेत जोगाउन नसकेर असफल भएका छन्।

यो निर्वाचनमा मधेसी जनताले मधेसी दल र नेताहरूको प्रतिनिधिसभामा उपस्थिति र अस्तित्व आवश्यक ठानेनन् । उनीहरूलाई कांग्रेस, एमालेलगायतका परम्परागत दलहरूसँगै राखेर मूल्याङ्कन गरिएको देखिन्छ। यसको मुख्य कारण भनेको मधेसी दलहरूले उठाएका जातीय, क्षेत्रीय तथा सङ्घीयता मुद्दाले जनतामा न्याय भएको अनुभूति दिलाउन नसक्नु नै हो।

तत्कालीन माओवादीले सङ्घीयताको एजेन्डाबाट पछि हटेपछि त्यसको नेतृत्व सम्हाल्दै अघि बढेको मधेस आन्दोलन पछिल्लो समय निकै कमजोर र अविश्वसनीय बन्दै गएको छ। आन्दोलनभित्र पुरानै शैलीमा शक्ति दुरुपयोग हुने क्रम रोकिएन, बरु शृङ्खलाबद्ध गुटबन्दी, सामन्तवादी सोच र जातीय अवसरवादले यसलाई थप जकड्यो।



आन्तरिक र बाह्य रूपमा दोहोरो विभेद र उत्पीडनको सिकार बनेका आधारभूत मधेसी जनता, जसले जसबाट सामाजिक न्याय र मुक्तिको अपेक्षा गरेका थिए, फेरि पनि उनीहरूकै र पुरानै सामाजिक संरचनाको अधीनमा रहन बाध्य भए। यसले जनमानसमा गहिरो निराशा र आक्रोश पैदा गऱ्यो। फलस्वरूप जनताले यसपटकको निर्वाचनमा आफ्नो असन्तुष्टि प्रस्ट रूपमा अभिव्यक्त गर्दै 'बार कि पार' 'अबकी बार, बालेन सरकार' को नारा र मनोवृत्तिसहित नयाँ विकल्पतर्फ अभूतपूर्व समर्थन जनाएको देखिन्छ।

***गम्भीर सङ्कटमा मधेसी दल***

निर्वाचनमा मधेसी दल र नेताहरूको शर्मनाक पराजयकै कारण यतिबेला उनीहरूबीचमा एकताको सहकार्य फेरि चलिरहेको छ। उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा), महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), सीके राउत नेतृत्वको जनमत पार्टी, राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति पार्टी, हृदयेश त्रिपाठी नेतृत्वको जनता प्रगतिशील पार्टी, रेशम चौधरी संरक्षक रहेको नागरिक उन्मुक्ति पार्टी तथा अशोक राईलगायत नेतृत्वको समूहबिअहिले व्यापक छलफल र बहस चलिरहेको छ।

चुनावी पराजयपछि सुरु भएको यो एकता प्रयासलाई केवल तत्कालीन राजनीतिक प्रतिक्रियाका रूपमा मात्र हेर्नु हुँदैन। यसले मधेसको राजनीतिलाई पुनर्जीवित गर्ने सङ्केत पनि दिएको छ। तर राजनीतिक परिस्थिति यति धेरै बदलिसकेको छ कि वर्तमान अवस्थामा मधेसी जनताले पुरानै शैलीको नेतृत्व सहज रूपमा स्वीकार्ने अवस्था देखिँदैन। त्यसैले यो एकता प्रयासलाई दिगो र प्रभावकारी बनाउन कसरी अघि बढ्ने भन्ने प्रश्न चुनौतीपूर्ण देखिन्छ।

यसपटकको निर्वाचन परिणामले मधेसी दल र नेताहरूको वास्तविक अवस्था स्पष्ट रूपमा उजागर गरिदिएको छ, जसलाई उनीहरूले स्वीकार्नैपर्ने बाध्यता छ। यो अस्वीकृति र निषेधको परिस्थितिलाई कसरी व्यवस्थापन गर्ने भन्ने कुरा उनीहरूको नयाँ राजनीतिक रणनीतिमा निर्भर रहनेछ। नेपाली समाज विविधतायुक्त र समावेशी संरचनामा आधारित छ। मधेसी दलहरूले यसलाई मुद्दा त बनाए तर ठोस समाधान दिन सकेनन्। उल्टै, उनीहरू जानाजान गलत राजनीतिक शक्तिहरूसँग प्रतिस्पर्धा र सहकार्यमा मुछिए।

***पहिचान, जनविश्वासको क्षय र वितृष्णा***

जुन वर्गबाट मधेसी जनताले आन्तरिक मुक्ति र स्वतन्त्रताको अपेक्षा गरेका थिए, तिनै शक्तिलाई काँधमा बोकेर उनीहरूले परिवर्तनको जिम्मा सुम्पिए। जसले त्यहाँका आधारभूत समुदायलाई गरिबी, भूमिहीन, सुकुम्बासी, मिटरब्याजीलगायतका दुष्चक्रमा पारे, उनीहरूलाई नै फेरि पनि समाजमा स्वीकार्न मधेसी दल र नेताले बाध्य पारे।

यसको परिणामस्वरूप सामन्ती चरित्र, विभेद, अन्याय र अत्याचार झन् अदृश्य तरिकाले संस्थागत हुन पुगे। यही प्रवृत्तिले मधेसी जनतामा गहिरो वितृष्णा पैदा गऱ्यो। जसका कारण उनीहरूले आफ्नै दल र नेतालाई अस्वीकार गर्ने अवस्था सिर्जना भयो।

यद्यपि, यो चुनावी परिणामले पहिचानको मुद्दा समाप्त भएको हो भन्ने निष्कर्ष निकाल्नु भ्रमपूर्ण हुनेछ। वास्तवमा, कमजोर रूपमा प्रयोग गरिएका पहिचान, आत्मसम्मान र नागरिक स्वाभिमानका विषयहरू झन् सशक्त रूपमा उभिएका छन्। यो परिणाम जनताको एउटा प्रयोग मात्र हो। र, पहिचानवादी शक्तिहरूका लागि चुनौतीसँगै अवसर पनि हो।

जबसम्म नेपाली समाजमा विविधता रहन्छ, तबसम्म पहिचानको मुद्दा जीवित रहिरहन्छ। जबसम्म पहाडी-मधेसी सामाजिक संरचना कायम रहन्छ, तबसम्म यो विमर्श र सङ्घर्ष समाप्त हुँदैन। फरक यति मात्र हो- शासकीय प्रवृत्तिका कारण कहिले यो कमजोर देखिन्छ त कहिले बलियो रूपमा उदाउँछ। त्यसैले यो चुनावी परिणामले पहिचानको मुद्दा अन्त्य भएको घोषणा गर्नु यथार्थ होइन। त्यो केवल भ्रम र हतोत्साहित मानसिकताको परिणाम हुनेछ। समाज रहँदासम्म लोकतन्त्रमा यो सङ्घर्ष जीवित रहन्छ- चलिरहन्छ, बदलिन्छ। तर कहिल्यै समाप्त हुँदैन।

***ऐतिहासिक पृष्ठभूमि र पतनको जरो***

समानुपातिक मतपरिणाम हेर्दा जसपाले करिब एक लाख ८२ हजार, जनमत पार्टीले करिब ७९ हजार, अन्य दलहरूले २० हजारदेखि ६० हजारसम्म मत प्राप्त गरेका छन्। कुनै पनि दलले प्रत्यक्षतर्फ थ्रेसहोल्ड काटेर राष्ट्रिय पार्टी बन्ने सफलता हासिल गर्न सकेनन्। अन्य साना दलहरूको समानुपातिक मत झनै कमजोर छ। तर यो परिणामलाई २०६४ को संविधानसभा निर्वाचनसँग तुलना गर्दा चित्र झन् स्पष्ट हुन्छ। त्यसबेला मधेसी दलहरूले ८० भन्दा बढी सिट जित्दै 'किङ्मेकर' को भूमिका खेलेका थिए। आज भने उनीहरू प्रत्यक्ष र समानुपातिकमा समेत थ्रेसहोल्ड पार गर्न सकेनन्।

यसरी हेर्दा मधेसी दलहरूको पतन वा शून्यता अचानक भएको देखिँदैन। उनीहरूको दीर्घकालीन राजनीतिक व्यवस्थापनका कमजोरीहरूको परिणाम नै हो, जसको जरो इतिहासमै भेटिन्छ।

बाँकी ३ पृष्ठमा

# आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# अब निजी क्षेत्रका व्यवसायीमाथि अख्तियारले छानबिन गर्ने

काठमाडौँ २ वैशाख । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले निजी क्षेत्रका व्यवसायीको कारोबारमाथि पनि छानबिन गर्ने तयारी गरेको छ । निजी क्षेत्रका हरेक क्रियाकलापमा सुशासनको प्रत्याभूति गराउने उद्देश्यसहित अख्तियारले व्यावसायिक कारोबारलाई समेत अनुसन्धानको दायरामा ल्याउने तयारी गरेको हो ।




अख्तियारले भर्खरै सार्वजनिक गरेको 'भ्रष्टाचारविरुद्धको दोस्रो राष्ट्रिय रणनीतिक योजना (२०८२/८३-२०८७/८८)' मा सबै क्षेत्रमा हुने भ्रष्टाचारजन्य कार्यलाई अपराधीकरण गर्ने उल्लेख छ । रणनीतिअनुसार राज्यलाई हानि-नोक्सानी भएको वा अनुचित लाभ लिए/दिएको अवस्थामा बाहेक अन्य दुष्कृतिजन्य कार्य सच्याउन अवसर दिने गरी नीतिगत तथा कानुनी व्यवस्थामा सुधार गरिनेछ । यसैअन्तर्गत सहकारी क्षेत्र, पब्लिक वा प्राइभेट कम्पनी तथा अन्य निजी सङ्घसंस्थामा हुने भ्रष्टाचार निवारण गर्न आवश्यक व्यवस्था गर्ने योजना अख्तियारको छ ।

रणनीतिअनुसार आगामी दुई वर्षभित्रै नयाँ भ्रष्टाचार निवारण ऐन निर्माण गरिनेछ । उक्त ऐनमा सहकारी र निजी क्षेत्रमा हुने भ्रष्टाचारको परिभाषा, कसुर र सजाय तथा सम्पत्ति हिनामिना वा नोक्सानीको बिगो भराउने व्यवस्था हुनेछ । साथै, अनुसन्धान, तहकिकात, अभियोजन र मुद्दा हेर्ने निकायसमेत तोकिनेछ ।

कम्पनी, साझेदारी फर्म, निजी सङ्घसंस्था र सहकारी क्षेत्रमा हुने सबै प्रकारका अनियमितता र भ्रष्टाचारलाई निरुत्साहित गर्न 'मुलुकी देवानी कार्यविधि संहिता, २०७४' को घरजग्गा लिखत पारितसम्बन्धी व्यवस्थालगायत निजी क्षेत्रसँग सम्बन्धित अन्य ऐन-नियममा समयानुकूल संशोधन तथा परिमार्जन गरिनेछ । निजी क्षेत्रको आर्थिक, वित्तीय वा व्यापारिक क्रियाकलापमा घुस लिने वा दिने कार्यलाई दण्डनीय बनाउने गरी कानुनी परिमार्जन गर्ने अख्तियारको तयारी छ ।

सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना वा हानि-नोक्सानी पुर्‍याउने निजी क्षेत्रका व्यक्ति वा संस्थालाई थप सजाय हुने गरी दुई वर्षभित्रै नयाँ कानुनी व्यवस्था गरिनेछ । त्यस्तै, आम्दानी र खर्चको विवरण अभिलेखमा हेरफेर गर्ने, नजनाउने, नभएको खर्च देखाउने, गलत लिखत प्रयोग गर्ने वा मनसायपूर्वक स्रेस्ता नष्ट गर्ने कार्यलाई पनि कानुन बनाएर दण्डनीय बनाइने रणनीतिमा उल्लेख छ ।

त्यसैगरी, निजी क्षेत्रको सेयर खरिद-बिक्रीलाई पारदर्शी बनाउन १० लाख रुपैयाँभन्दा बढीको संस्थागत वा व्यक्तिगत सेयर कारोबारमा कडा प्रावधान ल्याइनेछ । यसका लागि खरिदकर्ताले बिक्रीकर्ताको बैंक खातामा रकम जम्मा गरेको सक्कल बैंक स्टेटमेन्ट र भौचर वा चेक पेस गरेपछि मात्र सेयर लगत अभिलेख राख्ने गरी 'कम्पनी निर्देशिका, २०७२' संशोधन गरिने योजना छ ।

निजी संस्थाको कामकारबाहीमा स्वार्थको द्वन्द्व (कन्फ्लिक्ट अफ इन्ट्रेस्ट) हुन नदिन र शुद्धता कायम गर्न आचारसंहिता, निर्देशिका वा मापदण्ड बनाइनेछ । आन्तरिक लेखापरीक्षण र नियन्त्रण प्रणाली सुदृढ गरी पारदर्शिता बढाइनेछ । सार्वजनिक खरिदमा संलग्न निजी क्षेत्रका व्यवसायीले कानुनबमोजिम कारोबार गरे/नगरेको विषयमा छानबिन गर्ने र स्थापित मापदण्ड पालना नभएमा सजाय गर्ने व्यवस्थासमेत अख्तियारले आफ्नो रणनीतिक योजनामा समेटेको छ ।

*-न्युज एजेन्सी नेपाल*

## पारदर्शिता......

कारण नबुझेको उनले बताएका छन्। 'मलाई सरुवा भएको मौखिक जानकारी आएको छ, तर आधिकारिक पत्र प्राप्त भएको छैन,' उनले भने, 'मैले कानुनविपरीत कुनै काम गरेको जस्तो लाग्दैन।'

मुख्यमन्त्री कार्यालयका एक कर्मचारीका अनुसार उपभोक्ता समितिको काम कानुनअनुसार सञ्चालन गर्न खोजेकै कारण झाको सरुवा गरिएको हो। 'उहाँले मौखिक दबाब अस्वीकार गर्दै कानुनअनुसार काम गर्न खोज्नुभयो, त्यसैले सरुवा गरियो,' ती कर्मचारीले भने, 'यहाँ नेतृत्वको दबाबअनुसार चल्नेलाई मात्र सहज हुन्छ।'

तर मधेश प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री राजकुमार गुप्ताले भने झाको सरुवा उनकै सहमतिमा भएको दाबी गरेका छन्। 'प्रादेशिक तथा स्थानीय तह सुधार आयोजनामा उहाँको आवश्यकता थियो, त्यसैले सहमतिमै सरुवा गरिएको हो,' उनले भने।

उपभोक्ता समितिमार्फत काम गराउने प्रक्रियामा देखिएको यो घटना नयाँ होइन। यसअघि पनि कर्मचारीहरूले कानुनबाहिरका दबाब अस्वीकार गर्दा सरुवा वा मन्त्रालय तान्ने अभ्यास दोहोरिँदै आएको छ। गत वर्ष ऊर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालयका तत्कालीन सचिव जक्की अहमद अन्सारीलाई पनि यस्तै विवादपछि मुख्यमन्त्री कार्यालयमा तानिएको थियो। त्यस्तै, बारा जिल्लाका पूर्वाधार कार्यालय प्रमुख ओम साहलाई पनि उपभोक्ता समिति सम्बन्धी दबाब नमानेकै कारण मन्त्रालयमा तानिएको थियो।

मधेश प्रदेशमा उपभोक्ता समिति प्रणालीप्रति निरन्तर आलोचना हुँदै आएको भए पनि व्यवहारमा भने सुधारको संकेत देखिएको छैन। कानुनअनुसार उपभोक्ता समिति गठनका लागि वडा कार्यालयमार्फत सार्वजनिक सूचना जारी गरी खुला भेलाबाट समिति गठन गर्नुपर्ने व्यवस्था छ। तर व्यवहारमा मन्त्री, सांसद वा तिनका निकट व्यक्तिहरूले कार्यालयबाट पत्र लिएर गोप्य रूपमा समिति गठन गर्ने र काम ठेक्कामा दिने प्रवृत्ति कायमै छ।

# इजरायल सहित ४ देशमा खुल्यो पुनः श्रम स्वीकृति

दैनिक समाचारदाता

काठमाडौं, २ वैशाख । सरकारले इजरायल सहित ४ देशमा पुनः श्रम स्वीकृति खुला गरेको छ ।

इजरायल-अमेरिका तथा इरानबीचको युद्धका कारण स्थगति पुनः श्रम स्वीकृति खुला गरिएको हो ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको ३१ चैत २०८२ मा बसेको मन्त्रीस्तरीय निर्णयबाट इजरायल, कुवेत, बहराइन र लेबनानको पुनः श्रम स्वीकृति खुला गरिएको हो ।

इराकका हकमा भने ११ पुस २०८२ को निर्णय बमोजिम हुने गरी श्रम स्वीकृति प्रदान हुने वैदेशिक रोजगार विभागले जनाएको छ ।

श्रम मन्त्रालयले १७ फागुन २०८२ को मन्त्रीस्तरीय निर्णय गर्दै पश्चिम एसिया तथा खाडी मुलुक साउदी अरब, यूएई,



कतार, ओमान, यमन, जोर्डन, टर्की, इजरायल, कुवेत, बहराइन, लेबनान र इराकको श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृति स्थगन गरेको थियो ।

इरानले खाडीमा रहेका अमेरिकी सैन्य बेस क्याम्प निसाना बनाएर ड्रोन तथा क्षेप्यास्त्र प्रहार गर्दै आएको थियो । जसले गर्दा ती देशमा रहेका नेपालीको सुरक्षा चुनौती बढ्न थालेपछि सरकारले श्रम स्वीकृति र पुनः श्रम स्वीकृति स्थगन गरेको थियो ।

३ चैत २०८२ मा साउदी, यूएई, कतार, ओमान, यमन, जोर्डन र टर्कीको पुनः श्रम स्वीकृति खुला गरिएको थियो ।

परराष्ट्र मन्त्रालय अन्तर्गतको 'इमर्जेन्सी रेस्पोन्स टिम' (ईआरटी) को सिफारिसका आधारमा श्रम मन्त्रालयले बाँकी देशको समेत पुनः श्रम स्वीकृति खुला गरेको हो ।

श्रम स्वीकृतिका हकमा भने ती देशको परिस्थिति सामान्य बनेपछि मात्रै निर्णय गरिने श्रम मन्त्रालयले जनाएको छ ।

# संसद् पुग्यो गौरीबहादुर कार्की आयोगको प्रतिवेदन

दैनिक समाचारदाता

काठमाडौं २ वैशाख । गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगको प्रतिवेदन संघीय संसद् सचिवालय पुगेको छ ।

पूर्वन्यायाधीश कार्की नेतृत्वको आयोगको प्रतिवेदन प्राप्त भएको संसद् सचिवालयका सहसचिव एवं प्रवक्ता एकराम गिरीले जानकारी दिए । उनका अनुसार उक्त प्रतिवेदन संसद् सचिवालयको पुस्तकालयमा रहनेछ ।

गत भदौ २३ र २४ गते जेनजी आन्दोलन भएको थियो । जेनजी आन्दोलनमा भएका घटना र सरकारी पक्षबाट भएको भनिएको दमनबारे छानबिन गर्न सरकारले



कार्कीको नेतृत्वमा ५ असोज २०८२ मा तीन सदस्यीय आयोग गठन गरेको थियो । आयोगको सदस्यमा पूर्वएआईजी विज्ञानराज शर्मा र कानुनविद् विश्वेश्वर भण्डारी थिए ।

आयोगले २४ फागुन २०८२ मा आफ्नो प्रतिवेदन सरकारलाई बुझाएको थियो । तत्कालीन सुशीला कार्की नेतृत्वको सरकारले नै यो प्रतिवेदन सार्वजनिक गर्ने भनेको थियो ।आयोगले गरेका कतिपय सिफारिस वर्तमान सरकारले कार्यान्वयनमा समेत लगिसकेको छ । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र तत्कालीन गृहमन्त्री रमेश लेखकलाई फौजदारी कसुरमा कारबाही गर्न सिफारिस भएको थियो ।

त्यसअनुसार दुवै जनालाई प्रहरीले पक्राउ गरेर अनुसन्धान अगाडि बढाएको थियो । अदालतको आदेशबाट दुवै जना रिहा भइसकेका छन् ।

## मतदाताले...............

मधेसको राजनीति तराई कांग्रेसबाट सुरु भएको मानिन्छ, जसलाई कुलानन्द झा, रामजनम तिवारी र वेदानन्दहरूले अघि बढाएका थिए।

२०१७ सालमा बहुदलीय व्यवस्था समाप्त भएपछि यो आन्दोलन कमजोर भयो। तर २०४६ को जनआन्दोलनपछि पुनः लोकतन्त्र स्थापना भएसँगै मधेसी राजनीति पुनर्जीवित भयो। नेपाल सद्भावना पार्टीले २०४८, २०५१ र २०५६ का चुनावमा उल्लेखनीय सफलता हासिल गर्‍यो र मधेसको प्रतिनिधि शक्तिका रूपमा स्थापित भयो।

### *विभाजन र गुटबन्दीको दुश्चक्र*

२०६३/६४ को मधेस आन्दोलन मधेसी राजनीतिका लागि उत्कर्षको क्षण थियो। यस आन्दोलनले सङ्घीयता, समावेशिता र समानुपातिक प्रतिनिधित्वको अवधारणालाई संस्थागत गरायो। २०६४ सालको संविधानसभा निर्वाचनमा मधेसी दलहरूले अभूतपूर्व सफलता हासिल गरे र सरकार निर्माणमा निर्णायक शक्ति बने। यसले मधेसका जनतामा ठुलो आशा जाग्यो। र, लाग्यो- अब हाम्रो आवाज राज्यको केन्द्रसम्म पुग्नेछ भनेर। तर यही सफलता दीर्घकालीन रूपमा टिक्न सकेन, ठुलो निराशामा परिणत भयो।

आन्दोलनबाट जन्मिएका दलहरू सुदृढ सङ्गठन निर्माण गर्नुभन्दा आन्तरिक शक्ति सङ्घर्षमा अल्झिन थाले। निरन्तर टुटफुट, विभाजन, आसेपासे र परिवारवादले उनीहरूको शक्ति क्षय हुँदै गयो। एउटै पार्टीबाट जन्मिएका नेताहरू फरक-फरक दलमा बाँडिए। जसले मत विभाजन गरायो र जनतामा भ्रम र निराशा सिर्जना गर्‍यो। आन्दोलनका एजेन्डाहरू सत्तामा पुगेपछि प्रभावकारी रूपमा अघि बढाउन सकेनन्।

तर, समयसँगै नेतृत्वबिचको विवाद, गुटबन्दी, परिवारवाद र पदलोलुपताले पार्टीलाई कमजोर बनाउँदै लग्यो। गजेन्द्रनारायण सिंहको निधनपछि नेतृत्व सङ्घर्ष झन् चर्कियो र पार्टी विभाजनको शृङ्खला सुरु भयो। यही प्रवृत्ति पछिल्ला सबै मधेसी दलहरूमा दोहोरियो। मधेस आन्दोलनको जगबाट जन्मिएका तत्कालीन मधेसी जनअधिकार फोरमबाट समेत आधा दर्जनभन्दा बढी दलहरू बने। उपेन्द्र यादव, विजय गच्छदार, महन्थ ठाकुर, राजेन्द्र महतो, जेपी गुप्ता, राजकिशोर यादवजस्ता नेताहरू फरक-फरक धारमा विभाजित भए।

यतिसम्म कि जातीयताकै आधारमा मधेसी दलहरू मधेसका सामन्त जमिन्दारहरूको ठुलो राजनीतिक संरक्षणको केन्द्र बने। जसबाट मधेसी जनता मुक्ति चाहन्थे। तर उनीहरूले मधेसी जनताको त्यो सपना पूरा गर्न सकेनन्। बरु आफ्ना निहित स्वार्थपूर्ति राजनीतिक शक्तिको प्रतिस्पर्धामा लागे। जसले गर्दा जनतामा ठुलो वितृष्णा पैदा गर्‍यो।

### *फितलो संघीयता कार्यान्वयन*

२२ जिल्लाको मधेस भूभाग ८ जिल्लाको मधेस प्रदेशमा सीमित भयो। यसलाई सङ्घर्षको रूप दिन सकेनन्। आन्तरिक राष्ट्रियतालाई मजबुत तथा सामुदायिक समावेशितालाई सन्तुलित रूपमा अगाडि बढाउन सकेनन्। नेतृत्वहरू आत्मरक्षातिर लागे। सङ्घीयता कमजोर अवस्थामा पुग्यो।

एउटै नेतृत्व लामो समयसम्म हाबी रह्यो र नयाँ पुस्तालाई अवसर दिइएन। युगसापेक्ष दलीय नेतृत्वको पुस्तान्तरण, हस्तान्तरण र सामुदायिक समावेशिता तथा सामुदायिक स्वीकारोक्तिमा ठुलो कमजोरी गरे। सत्ताकेन्द्रित राजनीतिमा चुर्लुम्म डुबे, जहाँ जनताको मुद्दाभन्दा एक थान मन्त्री पदको प्राथमिकतामा अल्झिए। र, राजनीति यस्तै हो र हुन्छ भनेर आत्मसात् गरे।

यसका साथै, पहिचान राजनीतिमा आएको थकान पनि महत्त्वपूर्ण पक्ष हो। समयसँगै मतदाताको प्राथमिकता परिवर्तन भएको छ। आजको मतदाता रोजगारी, शिक्षा, स्वास्थ्य र सुशासनजस्ता प्रत्यक्ष जीवनसँग जोडिएका मुद्दामा बढी केन्द्रित छन्।

मधेसी दलहरूले यी क्षेत्रमा ठोस परिणाम दिन नसक्दा उनीहरूको प्रभाव घट्दै गयो। मधेसभित्रको सामुदायिक समावेशिता, आन्तरिक राष्ट्रियता तथा औपनिवेशिकीकरणको समस्या झन् विकराल बन्दै गयो।

नयाँ शक्ति रास्वपाहरूको उदयले मधेसी दलहरूलाई चुनौती दिएको छ। वैकल्पिक राजनीतिक शक्तिहरू र नयाँ पुस्ताका नेताहरूले भ्रष्टाचारविरुद्धको एजेन्डा, सुशासन र विकासको वाचा अघि सारे। यसले मधेसमा समेत प्रभाव पार्दै परम्परागत मत आधारलाई कमजोर बनायो। आजको मतदाता पहिलेभन्दा धेरै सचेत र आलोचनात्मक बनेका छन्।

सामाजिक सञ्जाल र प्रविधिको विस्तारले उनीहरूलाई सूचनामा पहुँच दिएको छ। अब मतदाता केवल पहिचानका आधारमा होइन, काम र परिणामका आधारमा मतदान गर्न थालेका छन्। यही परिवर्तित सन्दर्भमा मधेसी दलहरूको वर्तमान अवस्था बुझ्न आवश्यक छ। उनीहरूको शर्मनाक पराजय आकस्मिकता होइन, बरु दीर्घकालीन राजनीतिक कमजोरी, नेतृत्व सङ्कट, एजेन्डा क्षय र बदलिँदो मतदाता मनोविज्ञानको परिणाम हो। यद्यपि, यसलाई अन्त्यका रूपमा बुझ्नु गलत हुनेछ। अहिले देखिएको सङ्कट वास्तवमा पुनर्संरचना र रूपान्तरणको अवसर पनि हो।

यदि मधेसी दलहरूले समयअनुसार आफूलाई परिवर्तन गर्न सके- एकता कायम गर्ने, नयाँ नेतृत्व अघि ल्याउने, समावेशी संरचना निर्माण गर्ने, विकासमुखी एजेन्डा अघि बढाउने र सुशासनमा ध्यान दिने, आजको युग र प्रविधिअनुसार पार्टी पुनर्गठन, नेतृत्वको हस्तान्तरण-पुस्तान्तरण तथा सामुदायिक समावेशिताले भने उनीहरू पुनः सशक्त बन्न सक्छन्।

अन्यथा उनीहरू इतिहासको एउटा महत्त्वपूर्ण अध्यायमा सीमित हुनेछन्। किनभने राजनीति स्थिर हुँदैन। यो निरन्तर परिवर्तनशील प्रक्रिया हो। जसले समयको माग बुझ्छ, ऊ टिक्छ र जसले बुझ्दैन, ऊ इतिहास बन्छ। मधेसी दलहरू आज यही दोबाटोमा उभिएका छन्- पुनर्जागरणको बाटो रोज्ने कि इतिहास बन्ने ? आगामी यात्रा निकै कठिन बनेको छ ।

# बिहारका नयाँ मुख्यमन्त्री सम्राट चौधरीले लिए शपथ



दैनिक समाचारदाता
जनकपुरधाम, २ वैशाख । भारतीय जनता पार्टी (भाजपा) का नेता सम्राट चौधरीले बिहारको नयाँ मुख्यमन्त्रीको रूपमा शपथ लिएका छन्। उनी राज्यमा भाजपाबाट मुख्यमन्त्री बन्ने पहिलो नेता समेत बनेका छन्।

लामो समयसम्म बिहारको सत्ता सम्हालेका नीतीश कुमारले मुख्यमन्त्री पदबाट राजीनामा दिएसँगै सम्राट चौधरीका लागि मुख्यमन्त्री बन्ने बाटो खुलेको हो। नीतीश कुमारले हालै राज्यसभा सदस्यको रूपमा शपथ लिएका छन्। यससँगै बिहारको मुख्यमन्त्रीका रूपमा नीतीश कुमारको २१ वर्ष लामो यात्रामा पूर्णविराम लागेको छ। नीतीश कुमार सन् २००० मा पहिलो पटक सात दिनका लागि मुख्यमन्त्री बनेका थिए। तर, उनको स्थायी कार्यकाल भने नोभेम्बर २००५ बाट सुरु भएको थियो। नयाँ सरकार गठनसँगै सम्राट चौधरीसँगै जनता दल ( युनाइटेड) का नेताहरू विजय कुमार चौधरी र बिजेन्द्र प्रसाद यादवले पनि मन्त्री पदको शपथ लिएका छन्।

बिहारको राजनीतिमा भाजपाको यो उदय र नीतीश कुमारको बहिर्गमनलाई निकै अर्थपूर्ण रूपमा हेरिएको छ। भाजपाले पहिलो पटक आफ्नै नेतृत्वमा सरकार बनाउन सफल भएपछि राज्यको आगामी राजनीतिक दिशा कस्तो हुने भन्नेमा सबैको चासो बढेको छ।

# नक्कली लेटरप्याड प्रकरणमा खड्कासँग स्पष्टीकरण माग

दैनिक समाचारदाता
काठमाडौँ, २ वैशाख । नेपाली कांग्रेस केन्द्रीय अनुशासन समितिले पार्टीका पूर्व कार्यवाहक सभापति पूर्णबहादुर खड्कासँग सात दिने स्पष्टीकरण सोध्ने निर्णय गरेको छ । ललितपुरको बीपी. नगरस्थित पार्टी केन्द्रीय कार्यालयमा समितिका संयोजक तारामान गुरुङको सभापतित्वमा बिहीबार बसेको बैठकले सो निर्णय गरेको हो ।

समितिका सचिव दिनेश थापामगरद्वारा जारी विज्ञप्ति अनुसार खड्काले पार्टीको नक्कली लेटरप्याड प्रयोग गरी अनधिकृत वक्तव्य जारी गरेको अभियोगमा स्पष्टीकरण सोधिएको हो । यसअघि गत चैत



१८ गतेको बैठकले पनि खड्कालाई नक्कली लेटर प्याड प्रयोग नगर्न र जिम्मेवारीमा नरहेको पद उल्लेख नगर्न सचेत गराएको थियो ।

विज्ञप्तिमा भनिएको छ, “अनुशासन समितिबाट सचेत गराउँदा गराउँदै पनि पुनः २०८२ चैत ३० गते पार्टीको नक्कली लेटर प्याड प्रयोग गरी आफूसँग नभएको जिम्मेवारी उल्लेख गरी प्रेस विज्ञप्ति जारी गरेको कार्य विधान विपरीत देखिएकाले पार्टी विधान २०१७ (संशोधन सहित)को धारा ३४ को उपधारा ८ (घ) बमोजिम सात दिनभित्र स्पष्टीकरण पेस गर्न निर्णय गरिएको छ ।“यसैगरी, अनुशासन समितिले प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ का क्रममा अनुशासन उल्लङ्घन गर्ने पार्टी सदस्यविरुद्ध उजुरी दिने समय सीमा पनि थप गरेको छ । यसअघि चैत मसान्तसम्मको समय तोकिएकोमा अब २०८३ वैशाख मसान्तसम्म उजुरी दिन सकिने निर्णय बैठकले गरेको छ । वैशाख मसान्तपछि प्राप्त हुने उजुरीमाथि कुनै कारबाही नहुने समितिले स्पष्ट पारेको छ ।

# गण्डकी प्रदेशसभा सदस्य कुँवरद्वारा राजीनामा



लेखनाथ, २ वैशाख । गण्डकी प्रदेशसभा सदस्य द्रोणकुमार कुँवरले पदबाट राजीनामा दिनुभएको छ । नेपाली कांग्रेसबाट बागलुङ क्षेत्र नम्बर २ (२) बाट प्रत्यक्ष निर्वाचित कुँवरले मङ्गलबार बिहान राजीनामा दि नुभएको हो ।

गण्डकी सरकारको मङ्गलबार भएको पुनर्गठनमा चित्त नबुझेपछि उहाँले पद त्याग गर्नुभएको हो । उहाँ मन्त्रीका आकाङ्क्षी हुनुहुन्थ्यो । सभामुख कृष्णप्रसाद धितालले कुँवरको राजीनामा आएको उल्लेख गर्नुभयो ।

“म कामको सिलसिलामा अहिले काठमाडौँमा छु । माननीयज्यूले राजीनामा पठाउनुभएको छ” सभामुख धितालले भन्नुभयो, “उहाँसँग थप कुरा होला । बाँकी काम प्रक्रियाका हुने त छँदैछ ।” राजीनामा पत्रमा कुँवरले आफूलाई निर्वाचित गराउन विश्वास र मत दिएकोमा मतदाता तथा समर्थकप्रति आभार व्यक्त गर्नुभएको छ ।

कुँवरले आम मतदाताको विश्वास र भरोसालाई पूर्ण कार्यकाल कायम गर्न नसकेकोमा उहाँले माफीसमेत माग्नुभएको छ । ६० सदस्यीय गण्डकी प्रदेशसभामा मनाङबाट निर्वाचित राजीव गुरुङको पद अदालतको आदेशले रिक्त भइसकेको छ । अहिले यहाँ नेकपा (एमाले) र नेपाली कांग्रेस मिलेर सरकार चलाएका छन् ।

# शीतलताका पर्व जुडशीतल मनाइयो

दैनिक समाचारदाता
जनकपुरधाम, २ वैशाख । मिथिलाञ्चलमा शीतलता प्रदान गर्ने पर्वका रूपमा परिचित जुडशीतल आज हर्षोल्लासपूर्वक मनाइएको छ। जनकपुरधामस्थित गंगासागर, धनुषसागर तथा दशरथ तलाउ क्षेत्रमा युवाहरूको समूहले एकअर्कामाथि पानी र माटो दलेर पर्वको उल्लासपूर्ण उत्सव मनाएका छन्।

प्रकृति, स्वास्थ्य र सामुदायिक एकतासँग गहिरो सम्बन्ध राख्ने यो पर्व मिथिलाञ्चलमा नयाँ वर्षको निरन्तरताका रूपमा मनाइन्छ। यसै अवसरमा थारू समुदायले ‘सिरूवा’ पर्वका रूपमा पनि उत्सव मनाउने गर्छन्।

जुडशीतलका दिन ज्येष्ठ सदस्यहरूले सानालाई टाउकोमा चिसो पानी राखेर आशीर्वाद दिने परम्परा रहिआएको छ। साथै घर-आँगन, बोटबिरुवा तथा पशुपक्षीलाई पानी ‘जुराउने’ चलन छ। यस दिन चुलोलाई समेत शीतल



बनाइने भएकाले आगो बाल्ने प्रचलन हुँदैन।

शरीरमा हिलो दल्ने र अघिल्लो दिन पकाइएको बासी भोजन सेवन गर्ने परम्परा पनि यस पर्वको विशेषता हो। तरुवा, बरी, दहीलगायतका परिकार यस अवसरमा विशेष रूपमा खाने गरिन्छ।

जुडशीतलले प्रकृतिसँग सामञ्जस्य कायम राख्ने, स्वास्थ्य संरक्षणमा ध्यान दिने तथा सामाजिक मेलमिलापलाई सुदृढ बनाउने सन्देश दिने विश्वास गरिएको छ।

यस दिनमा जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज कुमार साह, राष्ट्रिय स्वतन्त्र पार्टीका प्रवक्ता एवं प्रतिनिधि सभा सदस्य मनिष झा, जउवा संघका पूर्व अध्यक्ष जितेन्द्र महासेठ, कमलेश मण्डल सहितका व्यक्तिहरुले एकअर्कामाथि माटो दलेर मनाएका छन् ।

# फेरि ३ लाख नाघ्यो सुनको भाउ



दैनिक समाचारदाता
जनकपुरधाम, २ वैशाख । नेपाली बजारमा सुनको भाउ फेरि प्रतितोला ३ लाख रुपैयाँ नाघेको छ । नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार बुधबार सुन प्रतितोला २ हजार ९ सय रुपैयाँ बढेको हो ।

सो वृद्धिपछि सुन प्रतितोला ३ लाख २ हजार ७ सय रुपैयाँ कायम भएको छ । अघिल्लो दिन २ लाख ९९ हजार ८ सय रुपैयाँमा सुनको कारोबार भएको थियो । गत बुधबार २ लाख ९९ हजार रुपैयाँमा सुनको कारोबार भएको थियो ।

आज चाँदी पनि बढेको छ । अघिल्लो दिनको तुलनामा चाँदी प्रतितोला १५५ रुपैयाँ बढेको हो ।

हिजो प्रतितोला ५ हजार ६५ रुपैयाँमा कारोबार भएको चाँदी आज ५ हजार २२० रुपैयाँमा पुगेको छ । गत बुधबार चाँदी प्रतितोला ५ हजार २५ रुपैयाँमा कारोबार भएको थियो ।










विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com

राष्ट्रिय दैनिक
समाचार दैनिक
जनकपुर

‘समाचार दैनिक जनकपुर’का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४